# गुगलको प्रयोग गरी खोज र अनुसन्धान

## उद्देश्यहरू:

- सहभागीलाई आफुले खोजेको सान्दर्भिक वस्तु सहजरुपमा भेट्नका लागि प्रयोग गर्न सकिने गुगल र अरु केही खोज यन्त्रका विशेष सुविधाहरूसंग परिचित गराउने
- सहभागीलाई युट्युबको प्रयोगले मानसिक स्वास्थ्यमा पार्न सक्ने असरहरू देखाई प्रयोगलाई व्यवस्थित गर्न सहयोग गर्ने केही साधनहरूको परिचय दिने
- सहभागीलाई गुगल प्रयोगसंग सम्बन्धित सम्भावित समस्याहरू देखाई वैकल्पिक उपायहरू दिने

## कार्यशाला अघि:

- मिरो बोर्ड तयार गर्ने
  नोट: कार्यशालामा *Miro* को उपयोग गर्नको लागी सहजकर्ताले माथी लिंक गरिएको बोर्ड जस्तै एउटा बोर्ड बनाउनु आवश्यक छ। यो भिडियोले कार्यशालाहरुको लागी *Miro* को उपयोग गर्न सिकाउँछ ।

- प्रस्तुत गर्ने स्लाईड खोल्नुहोस्

- तलका कार्यपत्रहरूलाई सन्दर्भ सामाग्रीका रुपमा तयार गर्ने
  - गुगल एङ्ग्राम भिवर
  - गुगल खोजी विधिहरू
  - रिभर्स इमेज सर्च
  - तपाई र युट्युब
  - म सोच्ने गर्थे . . . र म अब सोच्छु . . .

## सहजकर्ताका लागी नोट:

- यदि तपाई मिरो जस्तै हवाइटबोर्ड टूल प्रयोग गर्दै हुनुहुन्छ भने  सुनिश्चित गर्नुहोस् कि सहभागीहरु यस साधनसंग परिचित छन। तपाइँ कार्यशाला को शुरुवातमा मिरो सँग परिचय गराउन एक छोटो २०-३० मिनेटको सत्र गर्न सक्नुहुन्छ, र त्यस पछी कार्यशाला को प्रवाहसंग अघि बढ्न सक्नुहुन्छ।
- भौतिक कार्यशालामा व्हाइटबोर्ड एप्लिकेसनको उपयोग गर्न सम्भव छैन भने तपाइँ स्टिकी नोट्स र न्यूजप्रिन्ट कागजको प्रयोग गरी सबै काम भौतिक रूपमै गर्न पनि सक्नु हुन्छ।
- यो कार्यशाला संचालन गर्न सहजकर्तासँग  निश्चित स्तरको सिकाई सम्बन्धित सामग्रीको ज्ञान हुन आवश्यक पर्दछ। कृपया कुनै पनि अपरिचित विषयवस्तु भेट्नु भएमा, त्यस सम्बन्धि जानकारीको लागी यस डिजिटल टुलकिटको  "***theme 1: Finding and Consuming Digital Contents***"मा हेर्नुहोस्।


## प्रयोग हुने साधनहरू:

- मिरो

कार्यतालिका:

| खण्ड | उद्देश्यहरू | विवरण |
|---|---|---|
| परिचयात्मक क्रियाकलाप<br><br>१५/१५ मिनेट | सहभागीलाई गुगलका केही सबैलाई थाहा नभएका सहयोगी र रमाइला गुणहरूसंग परिचित गराउने<br><br>सहभागीलाई आफ्ना समुहका सदस्यहरूसंग परिचित गराउने | आफ्नो स्क्रिन शेयर गरी Google Ngram viewer देखाउनुहोस्।<br><br>सहजकर्ता - गुगलको एङ्ग्राम भिवरले गुगलको डाटाबेसमा रहेका किताबको विश्लेषण गरी कुनै शब्दहरूको प्रयोग र ती किताबहरूको प्रकाशन मितिको रेखाचित्र बनाउछ।<br><br>यो क्रियाकलापको बारेमा अझै जान्नका लागि कार्यपत्रको प्रयोग गर्नुहोस्।.<br><br>सहभागीलाई यो क्रियाकलापका लागी ६ मिनेट दिनुहोस्। क्रियाकलाप सुरु गर्नुअघि हरेक समूहलाई आफ्नो प्रतिनिधि चुन्न लगाउनुहोस् जसले पछि समूहको खोज कक्षामा प्रस्तुत गर्नुपर्नेछ। |
| गुगल खोज विधिहरू<br><br>२०/३५ मिनेट | सहभागीलाई आफ्नो गुगल खोजी अनुकुल हुने गरी प्रयोग गर्न सकिने केही विधिहरू प्रयोग गराउने | सहजकर्ता - गुगल एउटा शक्तिशाली सर्च इन्जिन हो। तर कहिलेकाही गुगललाई हामीलाई चाहिएको कुरा बुझाउन गाह्रो हुनसक्छ। के तपाईसंग यस्ता अनुभवहरू छन्?<br><br>सहभागीलाई अब हामी केहि क्रियाकलाप गर्नेछौँ र सो प्रक्रियामा गुगल सर्चको राम्रो प्रयोग कसरी गर्न सकिन्छ भनेर सिक्नेछौं भनेर भन्नुहोस्।<br><br>क्रियाकलापको बारेमा जान्नका लागि यो कार्यपत्र हेर्नुहोस्।<br><br>सहभागीलाई हरेक चरणको लागि ३-३ मिनेट गरी जम्मा १२ मिनेटको समय दिनुहोस्। हरेक चरणपछि समूहको एक सदस्यलाई नतिजाहरू रा आफूले प्रयोग गरेको तरिका बताउन लगाउनुहोस्। अर्को चरणमा जानु अघि क्रियाकलाप पत्रमा भएका विधिहरूको परिचय दिनुहोस्। |
| रिभर्स इमेज सर्च<br><br>१५/५० मिनेट | सहभागीलाई कसरी रिभर्स इमेज सर्चको प्रयोग गरी कुनै चित्र या फोटोको बारेमा जानकारी पाउन सकिन्छ भनेर देखाउने | सहभागीलाई भन्नुहोस् कि अब हामी गुगलभित्रकै अरु केही सर्च इन्जिनहरुलाई हेर्नेछौं।<br><br>सहजकर्ता - हामीसँग तपाइँका लागी एक चुनौती छ। तपाइँले केहि तस्वीरहरुको बारेमा केहि जानकारी खोज्नु पर्नेछ।<br><br>आफ्नो स्क्रिन प्रस्तुत गर्नुहोस् र उनीहरुलाई ब्लग देखाउनुहोस् जसमा चुनौतीहरु छन्। |

| | | |
|---|---|---|
| | | **Image Challenges**<br><br>You saw this place on a postcard and you really want to visit it but you don't know it's name. Can you find out what place is it?<br><br>You want to try this famous Japanese cuisine but you don't know what it is called. Can you come up with the name?<br><br><br>सहभागीहरुलाई सूचित गर्नुहोस् कि उनीहरुले यो गतिविधि एकै समूहमा पहिले जस्तै गरी गर्नेछन्। यसको लागी उनीहरुलाई १० मिनेट दिनुहोस्।<br><br>जब सहभागीहरु तयार छन्, उनीहरुसंग ब्लगको लिंक साझा गर्नुहोस्।<br><br>समय सकिएपछि सहभागीले सबै चुनौती पुरा गरेको या नगरेको बारेमा सोध्नुहोस्। समूहबाट कसैलाई आफ्नो समूहमा कसरी काम भयो र उत्तर कसरी पत्ता लाग्यो भनेर भन्न लगाउनुहोस्।<br><br>सोध्नुहोस् - कस्तो कामको लागि गुगलको रिभर्सइमेज सर्च महत्वपुर्ण हुनसक्छ?<br><br>नोट: इमेज सर्चको प्रक्रियाको बारेमा विस्तृत रुपमा जान्नका लागि यो भिडिओ हेर्नुहोस्। यदि कुनै समूहलाई यो |

| | | |
|---|---|---|
| | | क्रियाकलाप निकै अप्ठेरो लाग्यो भने  [यो लिंक](#) दिएर सहयोग गर्न सक्नुहुन्छ। |
| गुगल स्कोलर<br><br>१०/६० मिनेट | सहभागीलाई शैक्षिक अनुसन्धान र लेखहरू खोज्नका गुगल स्कोलरसंग परिचित गराउने<br><br>सहभागीलाई गुगल स्कोलरका केही महत्वपूर्ण गुणहरू र खोज परिणामको संग परिचित गराउने | सहभागीलाई आफ्नो अनुसन्धान र अध्ययन प्रयोजनको लागि पेपर र लेख खोज्न कहिल्यै गुगलको प्रयोग गर्नुभएको छ भनेर सोध्नुहोस्।<br><br>यदि कुनै सहभागीको उत्तर हो भन्ने आएमा उहाँलाइ यस विषयमा भएको ज्ञान प्रस्तुत गर्न लगाउनुहोस्। यहि अनुभवलाई जोडेर [गुगल स्कोलर](#) को परिचय दिनुहोस्। आफ्नो स्क्रिन शेयर गरेर सहभागीलाई भन्नुहोस् कि अब तपाईले गुगल स्कोलरको बारेमा केही कुरा भन्नुहुनेछ।<br><br>[scholar.google.com](#) मा जानुहोस र ५ मिनेटको संक्षिप्त प्रस्तुति दिनुहोस् जहाँ तपाईले यी कुराहरू उल्लेख गर्नुहुनेछ<br><br>● गुगल स्कोलरको इन्टरफेस<br>● गुगल स्कोलरले कसरी लेखहरूलाई श्रेणीबद्ध गर्छ<br>● लेखको गुणस्तर नाप्ने मापदण्डहरू<br>○ साइटेशन संख्या<br>○ प्रकाशन मिति<br>○ लेखकहरू<br>● खोजी उपयुक्त गर्न फिल्टरहरू<br>○ तदनुकूल मिति सिमा<br>○ साइटेशन भित्र खोजी |
| तपाई र युट्युब<br><br>(२०/८० मिनेट) | सहभागीलाई युट्युबको प्रयोगले आफ्नो भावाना र मुडमा पार्ने असरहरू देखाउने<br><br>सहभागीलाई आफ्नो युट्युब प्रयोगको बारेमा विचार गर्न लगाउने<br><br>सहभागीलाई युट्युब ट्र्याकर बनाउन र प्रयोग गर्न सहयोग गर्ने | सहभागीलाई आफ्नो युट्युब प्रयोग बारे आफू कति सचेत छौं भन्ने सोध्नुहोस्।<br><br><br> |

| | | |
|---|---|---|
| | | एक छिटो, रमाईलो गतिविधि गर्नुहोस् जहाँ सहजकर्ताले एक निश्चित समय को लागी एक निश्चित YouTube सामग्रीको उपभोगको बारेमा वक्तव्य दिन्छन। सहभागीहरुले हरेक वक्तव्यको जवाफमा बताउछन कि त्यो भिडियो हेरेपछी उनिहरुलाई कस्तो महसुस हुन्थ्यो होला। वक्तव्यका केहि उदाहरण तल दिएका छन।<br><br>• तपाइँले १० मिनेट लामो श्रद्धांजलि भिडियो हेर्नुभयो<br>• तपाइँले २० मिनेट लामो टिक टोक संकलन हेर्नुभयो<br>• तपाइँले २५ मिनेट को लागी प्रतिक्रिया भिडियो हेर्नुभयो<br>• तपाइँले संसारको गरीब भागहरुमा बच्चाहरु को बारे मा एक 5 मिनेट वृत्तचित्र क्लिप हेर्नुभयो<br>• तपाइँले वन्यजीवनबाट प्यारा पलहरुको एक १० मिनेट संकलन हेर्नुभयो<br>• तपाइँले १५ मिनेट लामो DIY भिडियो हेर्नुभयो<br><br>सोध्नुहोस् - यो गतिविधि को मुख्य विचार थियो?<br><br>उनीहरूको प्रतिक्रिया प्राप्त गरे पछि भन्नुहोस् - हाम्रो यूट्यूब उपभोगले हाम्रो मूड र भावनाहरुलाई प्रभावित गर्दछ। अर्को गतिविधिसंग हामी यसलाई व्यवस्थापन गर्न सिक्नेछौं।<br><br>सहभागीलाई यो क्रियाकलाप गर्ने मिरो फ्रेम देखाउनुहोस्। यो क्रियाकलापको छोटकरीमा उदाहरण गरेर देखाउनुहोस् र मिरो फ्रेम को लिंक साझा गर्नुहोस्।<br><br>यो क्रियाकलापको बारेमा विस्तृत रुपमा बुझ्नका लागि यो कार्यपत्र प्रयोग गर्नुहोस्।<br><br>यो क्रियाकलाप सकिएपछि सहभागीलाई आफ्ना विचारहरू लेखेर प्रस्तुत गर्न लगाउनुहोस्। यसको लागि २ मिनेट दिनुहोस्। यदि सहभागीले चाहेको खण्डमा माइक अनम्युट गरेर पनि भन्न सक्छन्।<br><br>यूट्यूब ट्र्याकरलाई उनीहरुले गरेको गतिविधि बाट याद गराउनुहोस् र सोध्नुहोस् - के यो हाम्रो यूट्यूब उपभोगको अनुगमन गर्नको लागी प्रयोग गर्न सकिन्छ? यो कुरामा जोड दिनुहोस् कि अस्वस्थ खपत स्वतः घट्छ जब मानिसहरु यसको बारे मा सचेत हुन्छन्। |
| अरू सर्च इन्जिनहरू<br><br>१०/९० मिनेट | सहभागीलाई गुगलका केही अवगुणहरू देखाई गुगलका केहि विकल्पहरूसंग परिचित गराउन | सहभागीलाई भन्नुहोस् कि कार्यशालाको अन्तिम भागको लागि हामी गुगलमा विद्यमान केही समस्याहरू हेर्नेछौं। सहजकर्ता - तपाइँ गुगलको बारेमा कस्ता मामालाहरु प्रती चिन्तित हुनुहुन्छ?<br><br>सहभागीको विचारलाई समेटेर गूगलद्वारा प्रयोगकर्ताको डाटा संकलन बारे कुरा गर्नुहोस् :<br>• गुगलले कसरी हाम्रो डाटा ट्र्याक गर्छ र यसबाट प्रयोगकर्तालाई सान्दर्भिक विज्ञापन पठाउँछ भन्ने बारेमा छोटकरीमा भन्नुहोस्<br>• DuckDuckGo जस्ता ट्र्याक नगर्ने साधनलाइ विकल्पका रुपमा प्रस्तुत गर्नुहोस् |
| अन्तरक्रिया र समापन | सहभागीलाई कार्यशालाको अवधिभर आफ्नो सोचाइ कसरी परिवर्तन भयो भन्ने विचार | रिफ्लेक्सन स्लाइड प्रस्तुत गर्नुहोस् र सहभागीलाई तलका वाक्य पुरा गर्न लगाउनुहोस्।:<br><br>म सोच्ने गर्थें . . . र म अब सोच्छु . . . |

| | | |
|---|---|---|
| 5/95 mins | गराउने<br><br>कार्यशालाका मुख्य मुख्य बुँदाहरूमा प्रकाश पार्ने | यो क्रियाकलापको बारेमा अझै जान्नको लागि [यो कार्यपत्र](#) हेर्नुहोस्।<br><br>कार्यशाला टुंग्याउन सहभागीलाई भन्नुहोस् कि अहिले इन्टरनेटमा निकै धेरै कुराहरू छन्। त्यसैले आफूलाई चाहिएको कुरा सहजै खोज्न गुगलजस्ता साधनको उचित प्रयोग गर्न डिजिटल नागरिकले सिक्नु जरुरी छ। त्यस्तै, हामीले आफ्नो प्रयोगलाई अस्वस्थ हुन नदिन अनुगमन गर्न पनि जरुरी छ। |